# वुस्टर पब्लिक स्कूल्स

## वुस्टर टेक्निकल हाई स्कूल

### आकस्मिक भर्ना नीति

डिसेम्बर २०२०

### १. परिचय

सिट सिमित हुने भएकोले व्यवसायिक प्राविधिक विद्यालयहरूमा भर्ना हुन प्रकृया अपनाउन जरुरी हुन्छ । व्यवसायिक प्राविधिक कार्याशालाहरू अधिकतम कति विद्यार्थीहरुलाई सुरक्षित साथ सेवा दिन सकिन्छ भन्ने कुरालाई ध्यानमा राखेर तयार पारिएका हुन्छन् । परिणामस्वरुप यस्ता भवनहरुमा ठाउँ तथा लचकताको अभाव हुने हुँदा सम्पूर्ण आवेदकहरुका चाहाना र आवश्यकतालाई पूरा गर्न सकिदैन । त्यसकारणले गर्दा यस शैक्षिक मौकाबाट कुन आवेदकले बढि फाइदा पाउन सक्दछ भनि निश्चित गर्न छनौट प्रकृयाको आवश्यकता पर्दछ । वुस्टर टेक्निकल हाई स्कूलले कक्षा ९ देखि कक्षा १२ सम्मका सम्पूर्ण आवेदकहरुको वुस्टर पब्लिक स्कूल समितिले जुन १, २०१७ मा नीति अनुमोदन गरे देखि नै उक्त नीतिमा उल्लेखित मापदण्डहरुको प्रयोग गरी मूल्याङ्कन गर्दै आएको छ ।

कोरोना भाइरस (कोभिड–१९) को माहामारीको कारणले गर्दा मासाचुसेट्सका गर्भनर चार्ली बेकरले मार्च १२, २०२० का दिन संकटकाल घोषणा गरी यात्रा गर्न र स्कूलमै उपस्थित भै हुने पढाई बन्द गर्न निर्देशन दिएका थिए । स्कूलहरूलाई अनलाइन पढाई गर्नको लागि निर्देशन दिईएको थियो । विद्यार्थी र परिवारहरूलाई उत्तम सेवा प्रदान गर्न र कोभिड–१९ को कारण आइपर्ने व्यवधानहरूलाई कम गरी सम्पूर्ण शैक्षिक कार्यक्रमहरूमा समान पहुँच पुऱ्याउनका लागि जिल्ला, नगरपालिका र स्कूल कमिटिका अधिकारीहरूले समूदायबाट सुझाव लिई अनलाइन पढाईको ढाँचा तयार गरेका थिए ।

शैक्षिक प्रकृयामा कोभिड–१९ को पूर्ण प्रभाव परेको छ । यस नीतिले विशेष गरी जिल्लाभित्रको च्याप्टर ७४ मा रहेको व्यवसायिक कार्यक्रममा भर्ना नीतिमा परेको प्रभाव र फलस्वरुप पछिल्ला नयाँ मार्गदर्शनको रुपरेखा प्रस्तुत गर्दछ । भर्ना प्रकृयामा विद्यार्थीहरू, परिवारहरू र विद्यार्थी पठाउने जिल्लाहरूको लागि पारदर्शिता सुनिश्चित गर्ने गरी सोचपूर्वक यो आकस्मिक नीति २०२१–२०२२ तयार पारिएको थियो । यो नीतिलाई वुस्टर पब्लिक स्कूल कमिटिले जनवरी ७, २०२१ का दिन अनुमोदन गऱ्यो र २०२१–२०२२ शैक्षिक वर्षमा भर्ना हुनको लागि निवेदन दिने विद्यार्थीहरूमा यो नीति लागू हुनेछ ।

### २. समान शैक्षिक अवसर

वुस्टर टेक्निकल हाई स्कूलले विद्यार्थीहरुलाई भर्ना लिने र उनीहरुलाई दिईने फाइदा, सुविधाहरु तथा अध्ययन पाठ्यक्रमहरु जातीयता, रंग, लिङ्ग, धर्म, राष्ट्रिय मूल, लैङ्गिक झुकाव, लिङ्ग पहिचान तथा अपाङ्गताको आधारमा विना भेदभाव उपलब्ध गराउँदछ ।

यदि सीमित अंग्रेजी भाषा बोल्ने विद्यार्थी छ भने र उसले अनुरोध गरेमा, वुस्टर टेक्निकल हाई स्कूलका दक्ष प्रतिनीधिले उसलाई आवश्यक फारम भर्न, सम्पूर्ण निवेदन र भर्ना प्रकृया पूरा गर्न विद्यार्थीको आफ्नो भाषामा व्याख्या गरिदिएर सहयोग पुऱ्याउँदछ ।

अपाङ्ग विद्यार्थीले निवेदन दिन र भर्ना प्रकृयाका लागि आवश्यक सहयोग लिन चाहेमा स्वेच्छाले आफ्नो पहिचान दिई सहयोग माग्न सक्नेछन् ।

सीमित अंग्रेजी भाषा बोल्ने र स्वेच्छाले अपाङ्ग भएको पहिचान दिएर निवेदन तथा भर्ना प्रकृयाको लागि सहयोग लिएको कारणले भर्ना लिने कुरामा कुनै असर पार्दैन ।

## ३. <u>योग्यता</u>

कक्षा आठका जुनसुकै विद्यार्थी जो वुस्टर पब्लिक स्कूल जिल्लामा बसोबास गर्दछने र आफू उत्तीर्ण भएपछि कक्षा ९ मा जाने आपेक्षा राख्दछन्, उनीहरू यदि सिट खाली भएमा वुस्टर टेक्निकल स्कूलमा फलमा भर्ना हुनका लागि आवेदन दिन योग्य हुनेछन् । यी विद्यार्थीहरुलाई यस भर्ना नीतिमा उल्लेखित मापदण्डको प्रयोग गरी मूल्याङ्कन गरिनेछ ।

अन्य व्यवसायिक प्राविधिक स्कूलहरुबाट स्थानान्तरण भएर आउने विद्यार्थीहरु कक्षा ९ – १२ सम्म वुस्टर टेक्निकल स्कूलमा उनीहरुले चाहेको कक्षामा चालु शैक्षिक शत्रमा भर्ना हुन निवेदन दिन योग्य हुनेछन् तर हाल अध्ययनरत स्कूलमा उत्तीर्ण हुने सम्भावना रहेको हुनु पर्नेछ । स्थानान्तरण भएर आउने विद्यार्थीहरुको मूल्याङ्कन यस भर्ना नीतिमा उल्लेखित मापदण्ड अनुसार गरिने छ ।

वुस्टर पब्लिक स्कूल्स स्कूल चोइस (स्कूल छनौट) जिल्ला हो, कृपया वुस्टर पब्लिक स्कूल्सको स्कूल छनौट नीतिमा हेर्नुहोस् ।

## ४. <u>संस्थागत संरचना</u>

वुस्टर टेक्निकल स्कूल मासाचुसेट्स को वुस्टरमा अवस्थित एउटा व्यवसायिक प्राविधिक विद्यालय हो । वुस्टर टेक्निकल स्कूल वुस्टर पव्लिक स्कूल जिल्लाको एउटा सदस्य हो र न्यू इंगल्याण्ड स्कूल तथा कलेजहरुको सँघद्वारा मान्यता प्राप्त विद्यालय हो । वुस्टर टेक्निकल स्कूल स्तरीय शिक्षा र व्यवसायिक प्राविधिक कार्यक्रमहरू प्रदान गर्न प्रतिवद्ध छ ।

यस भर्ना नीति अनुसार आवेदकहरुलाई भर्ना लिइएको कुरा सुनिश्चित गर्न आवश्यक नीति तथा प्रकृयाहरुको पालना भएको छ छैन भन्ने कुराको सुपरिवेक्षण गर्ने जिम्मेवारी वुस्टर पव्लिक स्कूलको अधिक्षक (सुपरिन्टेन्डेन्ट) लाई हुन्छ ।

वुस्टर टेक्निकल स्कूलमा विद्यालय प्रमुखद्वारा नियूक्त गरिएको भर्ना समिति छ । उक्त समितिमा प्रशासन, निर्देशन (गाईडेन्स), विशेष आवश्यकता, व्यवसायिक प्राविधिक तथा शिक्षण विभागहरुका व्यक्तिहरू सदस्य रहेका छन् । भर्ना समितिका जिम्मेवारीहरुमा निम्न कुराहरु पर्दछन्:

क. भर्नाका मापदण्डहरुको निर्धारण गर्नु
ख. भर्ना प्रकृयाहरुको विकास तथा कार्यान्वयन गर्नु
ग. निवेदनहरुको प्रकृया पूरा गर्नु
घ. विद्यार्थीहरुको श्रेणीकरण गर्नु
ङ. भर्ना नीतिमा निर्धारण गरिएका प्रकृया र मापदण्ड अनुसार विद्यार्थीहरुलाई भर्ना लिनु
च. भर्नाको लागि योग्य संभावित विद्यार्थीहरुको

प्रतिक्षा सूचिको तयार पार्ने र कायम राख्ने ।

वुस्टर पव्लिक स्कूलहरु स्कूल च्वइस प्रोग्राममा सहभागी हुन्छन् ।

**५. भर्ना प्रक्रिया (कोभिड – १९ को लागि नयाँ मार्गदर्शन)**

१. कोभिड–१९ ले प्रभावित अवस्थामा वुस्टर टेक्निकल हाई स्कूलले स्कूलबारे जानकारी विभिन्न माध्यमद्वारा प्रवाह गर्दछ ।

क. सम्पूर्ण वुस्टर पब्लिक स्कूल तथा चार्टर स्कूलका आठ कक्षाका विद्यार्थीहरुलाई वुस्टर पब्लिक स्कूल्ससँग सम्बन्धित मिडिया प्ल्याटफर्महरूको माध्यमबाट वुस्टर टेक्निकल स्कूलको भर्चुयल भ्रमण गर्न दिईनेछ । भर्चुयल स्कूल भ्रमणमा सहभागी हुनको लागि वेबसाइटको सक्रिय लिङ्क वुस्टर टेक्निकल हाई स्कूलको करियर अवेरनेस प्रोग्राम (पेशागत जागरण कार्यक्रम) ले मिडल स्कूलहरूलाई पठाउने छ । भर्ना प्रकृयाको बारेमा विस्तृत जानकारी भएको पत्र प्रत्येक वुस्टर पब्लिक स्कूलका कक्षा ८ मा पढ्ने विद्यार्थीहरूको परिवारले घरमा बोलिने भाषामा हुलाक मार्फत पठाइने छ ।

ख. जनवरी २०२१ मा भर्चुयल ओपन हाउसको आयोजना गरिएको छ । संभावित विद्यार्थीहरु तथा उनीहरुका आमाबाबु/अभिभावकहरुलाई सम्पूर्ण व्यवसायिक प्राविधिक कार्यक्रमहरुमा जाने मौका मिल्छ र शिक्षकहरुसँग कुराकानी गर्नका साथै स्कूलले प्रदान गर्ने सम्पूर्ण कार्यक्रमहरुको प्रस्तुती हेर्न पाउँछन् । वुस्टर पव्लिक स्कूलले ओपन हाउसमा प्रस्तुत गरिने समग्रीहरू जिल्लामा अधिक बोलिने ८ वटा भाषाहरूमा अनुवाद गरी उपलब्ध गराउनेछ ।

ग. सबै अध्यावधिक जानकारी वुस्टर टेक्निकल हाई स्कूल र वुस्टर पब्लिक स्कूलसँग आवद्ध अनलाईन प्ल्याटफर्महरू मार्फत उपलब्ध गराईनेछ ।

**६. निवेदन प्रकृया**

**वुस्टर टेक्निकल स्कूलमा फलको* लागि नौ, दश, एघार तथा बाह्र कक्षामा भर्ना हुनको लागि निवेदन प्रकृया**

१. वुस्टर टेक्निकल स्कूलमा फलको लागि कक्षा नौ, दश, एघार तथा बाह्रमा भर्ना हुन ईच्छुक विद्यार्थीहरूले अनिवार्य अनलाईन निवेदन बुझाउनु पर्नेछ ।

२. विद्यार्थी पठाउने विद्यालयको गाइडेन्स काउन्सिलर/प्रिन्सिपलको निम्न जिम्मेबारीहरू हुनेछन् :

क. विद्यार्थीको शिक्षण टोलीद्वारा एप्रिल १ भित्र अनलाईन निवेदन पूरा गर्न सहजीकरण गर्ने । पूर्ण निवेदनमा निम्न कुराहरू समावेश हुनु पर्दछ :

अ. पूर्ण आवेदन फारम (अनिवार्य बुझाउनु पर्ने कुराहरू सहित)

आ. कक्षा ९ को निवेदनको लागि (फल शत्रमा भर्ना हुन) हालको विद्यालयको कक्षा ७ को अन्तिम प्रतिफल (फाइनल ग्रेड) र कक्षा ८ को अंग्रेजी भाषा कला (अथवा इ एस एल, जुनमा ग्रेड बढी छ) सामाजिक शिक्षा, गणित र विज्ञानमा पहिलो र दोश्रो शत्रको प्राप्ताङ्क भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) अनिवार्य हुनु पर्दछ । कक्षा १०, ११ र १२ को निवेदनको लागि (फल शत्रमा भर्ना हुन)

* फल शत्रमा कक्षा शुरू गर्न विन्टर र स्प्रिङ्गमा भर्नाको लागि आवेदन दिने ।

अंग्रेजी भाषा, सामाजिक शिक्षा, गणित र विज्ञानमा अघिल्लो वर्षको शैक्षिक शत्र र हालको वर्षको पहिलो र दोश्रो शत्रमा प्राप्त औसत अंक भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) अनिवार्य हुनु पर्दछ ।

कक्षा ९ को निवेदनको लागि (फल शत्रमा भर्ना हुन) हालको विद्यालयबाट कक्षा ७ र कक्षा ८ को पहिलो र दोश्रो शत्रमा माफ नगरिएका गयल भएका दिनहरूको कुल संख्या उल्लेख भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) **अनिवार्य छैन** ।

कक्षा १०, ११ र १२ को निवेदनको लागि (फल शत्रमा भर्ना हुन) हालको विद्यालयबाट अघिल्लो वर्षको शैक्षिक शत्र र हालको वर्षको पहिलो र दोश्रो शत्रमा माफ नगरिएका गयल भएका दिनहरूको कुल संख्या उल्लेख भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) अनिवार्य छैन ।

कक्षा ९ को निवेदनको लागि (फल शत्रमा भर्ना हुन) हालको विद्यालयबाट कक्षा ७ को क्वार्टर १, २ र ३ र कक्षा ८ को पहिलो र दोश्रो शत्रमा गरिएको आचरण र प्रयासको मूल्याांङ्कन अथवा हाल पढिरहेको स्कूलले गरेको मूल्याङ्कन भएको रिपोर्ट कार्ड अनिवार्य छ । कक्षा १०, ११ र १२ मा आवेदन दिन (फल शत्रमा भर्ना हुन) हालको विद्यालयबाट अघिल्लो वर्षको शैक्षिक शत्र र हालको शैक्षिक शत्रको पहिलो र दोश्रो शत्रमा गरिएको आचरणको मूल्याांङ्कन अथवा हाल पढिरहेको स्कूलले गरेको मूल्याङ्कनको रिपोर्ट कार्ड अनिवार्य हुनु पर्दछ ।

कक्षा ९, १०, ११ र १२ मा आवेदन दिन (फल शत्रमा भर्ना हुन) विद्यार्थी पठाउने हालको विद्यालयको सिफारिस अनिवार्य हुनु पर्दछ । सिफारिस विद्यार्थीको शिक्षण टोलीबाट आउनु पर्दछ जसमा मार्गदर्शन पेशेवरहरू (गाइडेन्स प्रोफेसनल्स), शिक्षकहरू, र/अथवा प्रशासकहरू पर्दछन् जसले विद्यार्थीलाई राम्रोसँग चिनेको छ र विद्यार्थीसँग प्रत्यक्ष रुपमा काम गरेको छ ।

३. यदि अपूरो आवेदन प्राप्त भएमा, निम्न प्रकृयाहरू अपनाईनेछ :

क. वुस्टर टेक्निकल हाइ स्कूलले हालको विद्यालयको जिम्मेवार गाइडेन्स काउन्सिलरलाई अपूरो आवेदन प्राप्त भएको कुरा जानकारी गराउनेछ र पूर्ण आवेदन पठाउनको लागि आग्रह गर्दछ ।

ख. यदि हालको विद्यालयको गाइडेन्स काउन्सिलरबाट उक्त समस्याको समाधान नभएको खण्डमा वुस्टर टेक्निकल हाई स्कूलको भर्ना कार्यालयले आवेदकको आमाबावु/अभिभावकहरूलाई जानकारी गराउनेछ ।

ग. यदि हालको स्कूलको गाइडेन्स काउन्सिलर र आमाबावु/अभिभावकहरूलाई जानकारी गराईएको १० दिनभित्र (स्कूल लाग्ने १० दिन) पनि पूर्ण आवेदन प्राप्त भएन भने उक्त आवेदन रद्द गरिनेछ ।

**हालको शैक्षिक शत्रको लागि कक्षा नौ, दश, एघार र बाह्रमा भर्ना हुनको लागि आवेदन प्रकृया***

१. हालको शैक्षिक शत्रमा वुस्टर टेक्निकल हाई स्कूलमा भर्ना हुन इच्छुक विद्यार्थीहरूले अनिवार्य रुपमा:

* यो शैक्षिक शत्रमा भर्नाको लागि आवेदन दिएर अर्को शैक्षिक वर्षको फलमा कक्षा शुरू नगरेर यहि सालको शैक्षिक शत्रमा आवेदन दिएर यसै साल कक्षा शुरू गर्ने ।

क. निवेदन फारम अनलाईन भर्नु होस् ।

२. हाल अध्ययनरत विद्यालयको गाइडेन्स काउन्सिलरको जिम्मेवारी:

क. निवेदन फारमको आफूले गर्नु पर्ने भाग पूरा गर्ने । पठाउने स्कूलले निवेदनमा के के गर्नुपर्ने हुन्छ भन्ने जानकारी विद्युतीय सूचना मार्फत प्राप्त गर्नेछ ।

ख. कक्षा ९, १०, ११ र १२ को निवेदनको लागि (चलिरहेको शैक्षिक शत्रमा भर्ना हुन) हालको शैक्षिक शत्रमा निवेदन दिने दिनसम्मको अंग्रेजी भाषा, सामाजिक शिक्षा, गणित र विज्ञानमा प्राप्त अंक भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) अनिवार्य हुनु पर्दछ ।

कक्षा ९, १०, ११ र १२ को निवेदनको लागि (चलिरहेको शैक्षिक शत्रमा भर्ना हुन) हालको शैक्षिक शत्रमा निवेदन दिने दिनसम्मको माफ नगरिएको गयल भएका दिनहरूको कुल संख्या उल्लेख भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) **अनिवार्य छैन** ।

कक्षा ९, १०, ११ र १२ को निवेदनको लागि (चलिरहेको शैक्षिक शत्रमा भर्ना हुन) हालको शैक्षिक शत्रमा निवेदन दिने दिनसम्म गरिएको आचरणको मूल्यााङ्कन अथवा पठाउने हालको स्कूलले गरेको मूल्याङ्कन अनिवार्य हुनु पर्दछ ।

कक्षा ९, १०, ११ र १२ को निवेदनको लागि (चलिरहेको शैक्षिक शत्रमा भर्ना हुन) पठाउने हालको विद्यालयको सिफारिस अनिवार्य हुनु पर्दछ ।

३. यदि अपूरो आवेदन प्राप्त भएमा निम्न प्रकृयाहरू अपनाईनेछ:

क. वुस्टर टेक्निकल हाइ स्कूलले हालको विद्यालयको जिम्मेवार गाइडेन्स काउन्सिलरलाई अपूरो आवेदन प्राप्त भएको कुरा जानकारी गराउनेछ र पूर्ण आवेदन पठाउनको लागि आग्रह गर्नेछ ।

ख. यदि हालको विद्यालयको गाइडेन्स काउन्सिलरबाट उक्त समस्याको समाधान नभएमा वुस्टर टेक्निकल हाई स्कूलको भर्ना कार्यालयले आवेदकका आमाबावु/अभिभावकहरूलाई जानकारी गराउनेछ।

ग. यदि हालको स्कूलको गाइडेन्स काउन्सिलर र आमाबावु /अभिभावकहरूलाई जानकारी गराएको १० दिनभित्र (स्कूल लाग्ने १० दिन) पनि पूर्ण आवेदन प्राप्त भएन भने उक्त आवेदन रद्द गरिनेछ ।

**आवेदन ढिलो प्राप्त भएमा**

अप्रिल १ तारीख भन्दा पछि प्राप्त भएका आवेदनहरूलाई प्राप्त भएको मिति अनुसार अन्य आवेदनहरूको मूल्याङ्कन गर्न प्रयोग गरिएका मापदण्डहरू नै प्रयोग गरिनेछ, तर पहिले नै स्थापित गरिएको प्रतिक्षा सूचीमा परेका विद्यार्थीहरूलाई पहिला भर्ना गरी सकेपछि मात्र ।

**स्थानान्तरित विद्यार्थीहरू**

राज्यबाट मान्यता प्राप्त (च्याप्टर ७४) व्यवसायिक प्रविधिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू बसाईं सरेर हाल पढिरहेको स्कूलभन्दा अन्यत्र गई वुस्टर टेक्निकल हाई स्कूलमा सोही कार्यक्रमलाई निरन्तरता दिन चाहेमा उनीहरूलाई भर्ना लिनको लागि विचार पुऱ्याइनेछ (हालको शैक्षिक शत्रमा

समेत भर्ना हुन सक्ने गरी)। सम्पूर्ण स्थानान्तर विद्यार्थीहरूले वुस्टर टेक्निकल हाइ स्कूलमा हुने अन्तरवार्तामा अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ । उनीहरूको आवेदनहरू यस भर्ना नीतिमा भएका प्रावधान अनुसार मूल्याङ्कन गरिनेछ ।

**होम–स्कूल (बच्चालाई घरमा राखेर स्कूलको पाठ्यक्रम अनुसार शिक्षा दिने) विद्यार्थीहरू**

अनुमोदन प्राप्त होम–स्कूल कार्यक्रममा भर्ना भएका आवासिय विद्यार्थीहरूले वुस्टर टेक्निकल हाई स्कूलमा भर्ना हुन यस भर्ना नीतिमा उल्लेखित आवेदन प्रकृयाहरू अपनाउनु पर्नेछ र यस भर्ना नीतिमा उल्लेख भए अनुसारको मापदण्ड प्रयोग गरी आवेदनको मूल्याङ्कन गरिनेछ ।

**स्कूल छाडेका विद्यार्थीहरू**

विद्यार्थीहरू वुस्टर टेक्निकल हाई स्कूल छाडेर अन्य हाई स्कूलमा पढिरहेका वा नपढेका भए पनि उनीहरूले वुस्टर टेक्निकल हाई स्कूलमा यस भर्ना नीतिमा उल्लेखित आवेदन प्रकृयाहरू अपनाई पूनः आवेदन दिन पाउँदछन् र यस भर्ना नीतिमा उल्लेख भए अनुसारको मापदण्ड प्रयोग गरी आवेदनको मूल्याङ्कन गरिनेछ ।

**७. छनौट मापदण्ड**

पूरा गरिएका आवेदनहरूलाई छनौट समितिले भारित छनौट (वेटेड एडमिसन) मापदण्ड अनुसार कारवाही गर्दछ । प्रत्येक आवेदकलाई निम्न कुराहरूबाट लिइएको जम्मा अंकका आधारमा प्राप्ताङ्क तोकिनेछ ।

अ. प्राज्ञिक उपलब्धि: अधिकतम २५ अंक (पोइन्टहरू)

शैक्षिक गुणस्तर (२५%) (वुस्टर टेक्निकल हाई स्कूलले भरेको), कक्षा ७ को अन्तिम ग्रेड, कक्षा ८ को क्वार्टर १ र २ ....................................................(२५ अंक, बोनस अंक स्केल)

आ. चार वटा प्रमूख विषयहरूमा विद्यार्थीको आचरण र प्रयासको ग्रेड (कक्षा ७ को सरदर ५ क्वार्टर, ३ क्वार्टर र कक्षा ८ को १ र २ क्वार्टरको ग्रेड) ..............................(२५ अंक)

इ. स्कूलमा उपस्थितको अभिलेख (माहामारीको कारणले गर्दा सबै विद्यार्थीहरूलाई पूर्ण अंक दिईनेछ) ..........................................................................................................(२५ अंक)

ई. गाईडेन्स काउन्सिलर/प्रिन्सिपलको सहयोगमा प्रशिक्षक टोलीले दिएको सुझाव (मार्गदर्शन गर्ने पेशेवरहरू (गाइडेन्स प्रोफेसनल्स), लाईसेन्स प्राप्त शिक्षकहरू अथवा प्रशासकहरू जसले विद्यार्थीलाई राम्रोसँग चिनेको छ र विद्यार्थीसँग प्रत्यक्ष काम गरेको छ ।)........................................(२५ अंक)

गणित, विज्ञान, इतिहास, अंग्रेजी (अथवा ई एस एल)

**ए = ३.५, बि = ३, सी = २.५, डी = २, एफ = ० । जम्मा २५ अंक (पोइन्ट) बोनस अंक स्केल**

कक्षा ९ को (फल शत्रमा भर्ना हुन) आवेदनका लागि हाल अध्ययन गरिरहेको विद्यालय (पठाउने स्कूल) को **कक्षा ७ को अन्तिम (फाइनल) ग्रेड र कक्षा ८ को टर्म १ र २ को अंक अंग्रेजी भाषा** (ई

एस एल अथवा ई एल ए को उच्चतम शैक्षिक प्रतिफल मान्य हुनेछ), सामाजिक शिक्षा, गणित र विज्ञानमा पहिलो र दोश्रो शत्रको प्राप्ताङ्क रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सिक्रिप्ट) लाई प्रयोग गरिनेछ। कक्षा १०, ११ र १२ को निवेदनको लागि (फल शत्रमा भर्ना हुन) अघिल्लो शैक्षिक वर्षको औसत अंक र हालको शैक्षिक वर्षको पहिलो र दोश्रो शत्रमा अंग्रेजी, सामाजिक शिक्षा, गणित र विज्ञानमा प्राप्त अंक भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र प्रयोग गरिनेछ। कक्षा ९, १०, ११ र १२ मा आवेदन दिन (शैक्षिक वर्ष अवधिमा भर्ना हुन) हाल चलिरहेको शैक्षिक वर्षको आवेदन मिति सम्मको अंग्रेजी, सामाजिक शिक्षा, गणित र विज्ञानमा प्राप्त अंक भएको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र प्रयोग गरिनेछ।

**ख. हाजिरी: सबै निवेदकहरूलाई २५ अंक (पोइन्ट) प्रदान गरिनेछ।**

| माफ नगरिएका गयल दिनहरू | अंक |
|---|---|
| **सबै** | **२५** |

**ग. विद्यालय अनुशासन/आचरण: अधिकतम २५ अंक (पोइन्ट)**

| आचरण / प्रयास मापन | अंक |
|---|---|
| **ए** | २५ |
| **बी** | २० |
| **सी** | १५ |
| **डी** | १० |
| **एफ** | ० |

कक्षा ९ को आवेदन (फल शत्रमा भर्ना हुन) **कक्षा ७ को क्वार्टर १, २ र ३ र कक्षा ८ को क्वार्टर १ र २ मा मूल्याङ्कन गरिएको आचरण र प्रयासको ग्रेड चाहिन्छ**। हाल अध्ययन गरिरहेको विद्यालयले पठाएको रिपोर्ट कार्ड अथवा स्कूलको टोलीले गरेको **परीक्षणको** ग्रेड प्रयोग गरिने छ। कक्षा १०, ११ र १२ को आवेदन (फल शत्रमा भर्ना हुन) का लागि हाल अध्ययन गरिरहेको विद्यालयको अघिल्लो शैक्षिक वर्षको औसत र चालुरत शैक्षिक वर्षको पहिलो र दोश्रो शत्रको मूल्याङ्कनको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सिक्रिप्ट) वा हाल अध्ययन गरिरहेको विद्यालयको मूल्याङ्कनको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) प्रयोग गरिनेछ। कक्षा ९, १०, ११ र १२ को आवेदन (शैक्षिक वर्ष अवधिमा भर्ना हुन) का लागि हाल अध्ययन गरिरहेको पठाउने विद्यालयको चालुरत शैक्षिक वर्षको आवेदन मिति सम्मको मूल्याङ्कनको रिपोर्ट कार्ड/लब्धाङ्क पत्र (ट्रान्सिक्रिप्ट) वा हाल अध्ययन गरिरहेको विद्यालयको मूल्याङ्कन/ट्रान्सक्रिप्टको प्रयोग गरिनेछ।

**घ.** शिक्षण टोलीको सिफारिस: अधिकतम **२५** अंक

सिफारिस विद्यार्थीको शिक्षण टोलीबाट आउनु पर्दछ जसमा लाईसेन्स प्राप्त शिक्षकहरू, मार्गदर्शन गर्ने पेशेवरहरू (गाइडेन्स प्रोफेसनल्स), र/अथवा प्रशासकहरू पर्दछन् जसले विद्यार्थीलाई राम्रोसँग चिनेको छ र विद्यार्थीसँग प्रत्यक्ष काम गरेको छ।

**मूल्याङ्कन गरिने प्रस्तावित नयाँ प्रोफाइलको सारांश**

| **वर्ग** | **प्रति वर्ग अङ्क (५ = उत्कृष्ट)** |
|---|---|
| ए. क्षमता सम्बन्धि उपलब्धि | ०–५ |
| बी. कक्षामा सहभागिता | ०–५ |
| सी. प्रेरणा | ०–५ |
| डी. व्यक्तिगत जिम्मेवारी | ०–५ |
| ई. व्यवसायिक शिक्षामा चाख | ०–५ |

उपरोक्त विषयहरूमा अंक दिएपछि, प्रत्येक आवेदकका लागि सबै विषयको अंकहरूको कुल योग निकालिने छ । कुल योग अधिकतम सय (१००) अंकसम्म प्राप्त गर्न सकिनेछ ।

## ८. छनौट प्रक्रिया

सम्पूर्ण निवेदकहरूलाई उपस्थितिको लागि उल्लेख गरिएका २५ अंक (पोइन्ट) दिइने छ ।

वुस्टर टेक्निकल हाइ स्कूलको भर्ना समितिले जाँच, छलफल गरेर आवेदकलाई कार्वाहीको लागि सिफारिस गर्दछ ।

भर्ना समितिले शैक्षिक उपलब्धि, स्कूलमा गरिएको आचरण, र गाइडेन्स काउन्सिलरको सुझावलाई मध्य नजर राख्दछ । आवेदनहरू समीक्षा गरी ग्रेड लेभलको आधारमा अंक प्रदान गरेर प्रकृया अघि बढाउँदछ ।

प्रत्येक आवेदकको कुल अंक निर्धारण भएपछि सबै आवेदकलाई प्राप्त "कुल अंक"को आधारमा क्रमगत रुपमा राखिनेछ । त्यसपछि उनीहरूले पाएको अंकको आधारमा भर्ना लिइनेछ । सबैभन्दा बढि अंक ल्याउने आवेदकलाई पहिला, दोश्रो बढी अंक ल्याउनेलाई दोश्रो र त्यसै क्रम अनुसार सिट पूरा नहोउन्जेल भर्नाका लागि लिईने छ । सम्पूर्ण आवेदकलाई कि त भर्ना लिईनेछ वा अस्वीकृत गरिने या प्रतिक्षा सूचीमा राखिने छ । यदि ठाउँ खाली भएमा खाली भएको सिट प्रतिक्षा सूचिमा भएका आवेदकहरूबाट पूरा गरिनेछ । यी आवेदकहरुलाई छनौट गर्दा पनि अघि छनौटमा परेका आवेदकहरुलाई जस्तै प्राप्त कुल अंकको आधारमा राखिएको प्रतिक्षा सूचिको स्थान क्रमअनुसार नै भर्नाका लागि स्वीकार गरिनेछ ।

वुस्टर टेक्निकल हाइ स्कूललाई अप्रिल १ सम्ममा प्राप्त भएका आवेदकहरूलाई आवेदनको स्थितिबारे उनीहरूको आमाबाबु/अभिभावकलाई पत्रद्वारा मे महिनाको मध्यतिर जानकारी दिइनेछ ।

अप्रिल १ पछि प्राप्त आवेदनहरूलाई प्राप्त भएको मिति अनुसार अन्य आवेदनहरूको मूल्याङ्कन गर्न प्रयोग गरिएका मापदण्डहरू नै प्रयोग गरिनेछ, तर पहिले नै स्थापित गरिएको प्रतिक्षा सूचिमा परेका विद्यार्थीहरूलाई पहिला भर्ना गरी सकेपछि मात्र ।

## ९. भर्ना

वुस्टर टेक्निकल हाइ स्कूलमा (फल शत्र) भर्ना हुन चाहाने आवेदकले आफू भर्ना हुन चाहेको कक्षा (ग्रेड) को लागि हाल अध्ययनरत स्कूलबाटै त्यो ग्रेडको लागि उत्तिर्ण भइ योग्य भएको हुनु पर्नेछ । यसका अलावा, उनीहरूले वुस्टर टेक्निकल हाइ स्कूलमा भर्ना हुनुभन्दा तत्काल अघिल्लो वर्ष अंग्रेजी

भाषा वा सो सरह र गणित (म्याथमेटिक्स)को कक्षा लिएकै हुनु पर्नेछ ।

## १०. प्राविधिक व्यवसायिक कार्यक्रममा भर्ना

वुस्टर टेक्निकल स्कुलमा ९ कक्षामा भर्ना हुने सबै विद्यार्थीहरू व्यवसायिक प्राविधिकका विभिन्न क्षेत्रमा उनीहरूको रुची र प्रतिभा पहिचान गर्न सहयोग पुराउन तयार पारिएको व्यवसायिक प्राविधिक अन्वेषणात्मक कार्यक्रममा सहभागी हुनेछन् । शुरुमा एकदिन विद्यार्थीहरूले प्रत्येक व्यवसायिक प्राविधिक परिषद्को अन्वेषण  गर्नेछन् । त्यसपछि विद्यार्थीहरूले अन्वेषण अनुभवका आधारमा एउटा कार्याशाला (शप) छनौट गर्ने विकल्प पाउने छन् । विद्यार्थीहरुको ४ उत्तम रोजाई, जुन उनीहरूको आवेदनबाट छानिन्छ, र उपलब्ध कार्याशालाबाट छानिएको ४ रोजाईहरु पूरा अन्वेषण अवधिका लागि निर्धारण गरिन्छ । दुई हप्ताको अवधिमा प्रत्येक कार्याशालामा  विद्यार्थीको मूल्याङ्कन गर्ने मापदण्ड ( स्ट्यार्ण्डडाइज्ड रुवरिक) को प्रयोग गरि कार्याशालाका सम्वन्धित शिक्षकले विद्यार्थीहरूको
(० देखि १०० अङ्क प्रदान गरी) मूल्याङ्कन गर्दछ ।

यस आठ दिने अन्वेषणमूलक (खोजमूलक) छनौट अवधिको अन्त्य, अर्ध–बार्षिक अवधिमा, हरेक विद्यार्थीले आफ्नो अभिरुचि अनुसार उनीहरुले अन्वेषण गरेका कार्यक्रमहरु १ देखि ६ सम्म बाट छनौट गर्न सक्नेछन् । विद्यार्थीहरुलाई सबै कार्यशालाहरु मिलाएर पाएको कूल संख्याको आधारमा आफूले छनौट गरेको कार्यशालामा भर्ना गरिन्छ । उदाहरणको लागि एउटा विद्यार्थी जसको औसत कूल संख्या १०० छ भने, कूल संख्या ८० ल्याएको विद्यार्थीले भन्दा पहिला भर्ना पाउँछ । यदि अधिकतम संख्याको आधारमा कार्यशाला भरीयो र यदि विद्यार्थीले आफ्नो पहिलो छनौट पाएन भने गाइडेन्स काउन्सिलरले विद्यार्थीको दोश्रो देखि छैठौं छनौटको जुन कार्यशाला खाली छ त्यता तिर सार्दै जान्छ । फेरि पनि, विद्यार्थीहरुले उनीहरुले प्राप्त गर्ने औसत कूल संख्याको आधारमा भर्ना पाउँदछ । यदि एउटा विद्यार्थीको सबै कार्यशालाको संख्या जोडेर औसत कूल संख्या अति नै कम भयो र उसको छनौटको दोश्रो देखि छैठौं कार्यशालामा भर्ना पाएन किनकी ती कार्यशालाहरु बढि अंक ल्याउनेले भरिसकेका रहेछन् भने गाइडेन्स काउन्सिलरले विद्यार्थीलाई भेटेर खाली रहेको कार्यशालाहरुको सूचि उपलब्ध गराइ विद्यार्थीलाई अन्वेषण गर्न लगाइ एउटा कार्यशाला छान्न लगाउँदछ । फेरि पनि, विद्यार्थीले अन्वेषण गरि छनौट गरेको खाली रहेको कार्यशालामा उनीहरुले प्राप्त गरेको अंकको आधारमा नै भर्ना लिइन्छ । यो प्रकृया सबै विद्यार्थीहरुले भर्ना नपाउन्जेल चलिरहन्छ ।

विद्यार्थीहरु जो शैक्षिक शत्रको अवधिमा एउटा कार्यशालाबाट अर्को कार्यशालामा सर्न चाहन्छ, उनीहरुले गाइडेन्स काउन्सिलरबाट सर्वस्वीकृत फारम (स्ट्याण्डर्डाइज्ड फर्म) भरेर स्थानान्तरको लागि निवेदन दिन सक्दछ । स्थानान्तरको निवेदन अनुरोध गरिएको कार्यशालामा ठाउँ उपलब्ध भएको अवस्थामा मात्र स्वीकार गरिनेछ । हरेक स्थानान्तर चाहने आवेदकलाई अर्न्तवार्ता लिइने छ र उक्त विद्यार्थीलाई स्थानान्तर उपयूक्त हुने नहुने कुराको निर्धारन गर्न व्यक्तिगत रुपमा सल्लाह दिइनेछ ।

## ११. समीक्षा र पुनरावेदन

आवेदकका बुवाआमा वा अभिभावकहरूले वुस्टर टेक्निकल स्कुलबाट भर्नाका लागि अस्वीकार भएको वा प्रतिक्षा सूचिमा नाम समावेस भएको भन्ने पत्र प्राप्त गरेमा र सो निर्णय उपर पुनरविचारका लागि पुनरावेदन गर्न चाहेमा पत्र प्राप्त गरेको ३० दिनभित्र सो गरिपाउँ भन्ने व्यहोराको पत्र विद्यालय प्रमुख (प्रिन्सिपल) लाई पठाएर गर्न सकिनेछ । प्रिन्सिपलले पुनःसमिक्षाको नतिजासहित ३० दिनभित्र पत्रको लिखित रुपमा जवाफ दिनेछ । समीक्षा पश्चात पनि यदि बुवाआमा वा अभिभावकल प्रिन्सिपले दिएका नतिजा सम्बन्धमा पुनरावेदन गर्न चाहेमा ईन्स्ट्रक्सन एण्ड स्कूल लिडरशिप (निर्देशन तथा स्कूल

नेतृत्व) का लागि सेकेण्डरी म्यानेजरलाई भेट्नका लागि अनुरोध पत्र लेखेर पठाउन सक्नेछ । पत्र प्राप्त गरेको ३० दिनभित्र ईन्स्ट्रक्सन एण्ड स्कूल लिडरशिपका लागि सेकेण्डरी म्यानेजरले आवेदकका बुवाआमा वा अभिभावकलाई समीक्षाका लागि भेट्ने समय तोकेर लिखित रुपमा जवाफ दिनेछन् । ईन्स्ट्रक्सन एण्ड स्कूल लिडरशिपका लागि सेकेण्डरी म्यानेजरले पुनरावेदनको समीक्षा गरिसकेपछि त्यसको नतिजा भेटेको दिनबाट ३० दिनभित्र दिनेछन् ।